# नेपाल राष्ट्र बैंक
## धनगढी कार्यालय
## मौजूदा सुचीमा दर्ता गराउने बारेको सूचना
(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१३)

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल राष्ट्र बैंक धनगढी कार्यालयलाई तपसिलमा उल्लेखित सामानहरु आपुर्ति, निर्माण, मर्मत तथा विविध कार्य गर्न कालोसूचीमा नपरेका इच्छूक ईजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खूलेको पहिलो दिन) भित्र फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८०/८१ सम्मको कर चूक्ता प्रमाणपत्र र आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता गरेपछि कर चूक्ता प्रमाणपत्र, पेशागत कसूर गरे वापत सजाय नपाएको स्वघोषणा, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफूले गर्ने कामको विवरण छुट्टाछुट्टै खूलाई यस कार्यालयको आन्तरिक प्रशासन फाँट (खरिद इकाई) मा सुची दर्ता गर्न/गराउन यो सुचना प्रकाशित गरिएको छ । आवेदन फारममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपूगेका आवेदनकर्तालाई मौजूदा सुचीमा समावेश गरिने छैन । आवेदकलाई मौजूदा सुचीमा समावेश गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा निहित रहनेछ । थप जानकारीका लागि यस कार्यालयको आन्तरिक प्रशासन फाँट (खरिद इकाई) ०९१-५२७७०३ मा सम्पर्क राख्न सकिनेछ ।

| क्र.सं. | खरिदको वर्गीकरण | क्र.सं. | खरिदको वर्गीकरण |
|---|---|---|---|
| (क) | **खरीद तथा आपूर्ति तर्फ** | (ग) | **मर्मत तथा सम्भार सेवा** |
| १ | स्टेशनरी तथा फुटकर सामान | १ | इलेक्ट्रोनिक्स उपकरण (टेलिफोन, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस. फ्याक्स, टोनर रिफिलिङ्ग आदि) मर्मत सेवा |
| २ | कार्यालय मेसिन तथा उपकरण (नोट काउन्टिङ्ग मेसिन, Fire Extinguisher, EPBAX आदि) | २ | फर्निचर मर्मत सेवा |
| ३ | विद्युतीय सामग्री | ३ | सवारी साधन मर्मत सेवा (जीप तथा मोटरसाइकल) |
| ४ | भौतिक निर्माण (भवन, कम्पाउण्ड, गेट आदि) | ४ | भवन मर्मत तथा सम्भार सेवा (झ्याल, ढोका, सीसा, जाली फिटिङ्ग आदि) |
| ५ | निर्माण सामग्री तथा रङ्गरोगन | ५ | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनरेटर, पंखा, पानी तान्ने मोटर, स्टेब्लाईजर, वाटरकुलर, भ्याकुम क्लिनर, रेफ्रिजरेटर आदि) मर्मत सेवा |
| ६ | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेण्ट्स | ६ | दराज, फाइलिङ्ग, क्याबिनेट, ट्रंक बाकस आदि मर्मत सेवा |
| ७ | हार्डवेयर तथा फिटिङ्ग (प्लम्बिङ्ग सामान, सीसा आदि) | ७ | सि.सि.टि.भि मर्मत सम्भार सेवा |
| ८ | फर्निचर | ८ | प्लम्बिङ्ग सेवा |
| ९ | पर्दा कार्पेट, डोरमेट आदि | ९ | कम्प्युटर नेटवर्किङ्ग सेवा |
| १० | जेनेरेटर | (घ) | **अन्य सेवा** |
| ११ | छपाई सम्बन्धी सामग्री | १ | कुरियर सेवा |
| १२ | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, स्क्यानर, प्रिन्टर, यु.पि.एस आदि) | २ | आन्तरिक उडानका लागि हवाई टिकट |
| १३ | इन्धन (डिजल, पेट्रोल) | ३ | इन्टरनेट सेवा प्रदायक |
| १४ | ट्रंक बाकस | ४ | बगैचा व्यवस्थापन तथा सम्भार |
| १५ | पत्रपत्रिका तथा पुस्तकहरु | ५ | कार्यालय सरसफाई |
| १६ | फ्लेक्स, व्यानर तथा नेम प्लेट छपाई | ६ | कपडा धुलाई (Laundry) सेवा |
| १७ | सुरक्षा सामग्री | ७ | भाडावर्तन आपूर्ति सेवा |
| १८ | औषधी तथा मेडिकल उपकरण | ८ | सरसफाईका सामान (सर्फ, साबुन, कुलिन, एसिड, फिनायल आदि) |
| १९ | सवारी साधनका पार्टपुर्जाहरु तथा लुब्रिकेन्टस | ९ | लत्ताकपडा (झुल, सिरक, डस्ना, तन्ना, सिरानी, तौलिया आदि) |
| २० | बगैंचा सम्बन्धी (बोटबिरुवा, बिउबिजन, मलखाद, औषधी, औजार) | १० | ईलेक्ट्रिसियन सेवा (अनुरोध अनुसार उपस्थित भई काम गर्ने) |
| (ख) | **परामर्श सेवा** | ११ | सवारी साधन भाडमा उपलब्ध गराउने सेवा |
| १. | सिभिल इन्जिनियरिङ्ग सेवा | १२ | ढुवानी सेवा |
| २. | आर्किटेक्चरल इन्जिनियरिङ्ग सेवा | १३ | क्याटरिङ्ग सेवा |
| | | १४ | इभेण्ट म्यानेजमेन्ट सेवा |

अनुसूची-५क
(विनियम १८ को उप विनियम ४ सँग सम्बन्धित)
नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय

श्रीमान् निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय

मिति: २०८२/ /

विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

| तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
|---|---|
| (क) नाम : | (ख) ठेगाना : |
| (ग) पत्राचार गर्ने ठेगाना : | (घ) मुख्य व्यक्तिको नाम : |
| (ङ) टेलिफोन न. : | (च) मोवाईल नं. : |
| २. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने ।<br>(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।<br>(ख) नविकरण गरिएको ।<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र ।<br>(घ) कर चुक्ताको प्रमाणपत्र ।<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दार्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि । | |
| ३. विभाग/कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण : | |
| (क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : |
| ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | (घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |

| | | |
|---|---|---|
| निवेदन दिएको मिति : २०८२/ /<br>आ.व. : २०८२/८३ | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर : |

# मौजुदा सूचीमा दर्ता हुनका लागि आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ को उपविनियम (४) अनुरुप आपुर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजातहरुको प्रतिलिपी सहित निवेदन पेश गर्नुपनेछ ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको आवधिक रुपमा नविकरण भएको कागजात ।

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको कागजातको प्रतिलिपि (मू.अ.करमा दर्ता हुनुपर्नेको हकमा मात्र) ।

ग. आ.व.२०८०/८१ को कर चुक्ता गरेको कागजातको प्रतिलिपि (आ.व.२०८१/८२ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने ।

घ. दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. फर्म/कम्पनी कुनै सामग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात ।

च. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र ।

छ. तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्वघोषणा ।

ज. विक्री पछिको सेवाको व्यवस्था सुनिश्चित भएको कागजात ।

झ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र ।

ञ. नेपाली नागरिकताको प्रतिलिपी ।

ट. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र ।

ठ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, ईमेल, वेबसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने ।

ड. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिबद्धता सहितको कागजातहरु ।

मिति: २०८२/   /

श्रीमान् निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय ।

## विषय: स्वघोषणा सम्बन्धमा ।

महोदय,

त्यस बैंकको मिति २०८२/०३/१३ को सूचना अनुसार आ.व.२०८२/८३ का लागि आवश्यक पर्ने सामान र सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संसोधन सहित) को विनियम १८ बमोजिम सेवा प्रदान गर्न आपूर्तिकर्ताको सूची (Standing List) मा सूचीकृत हुन देहाय बमोजिम स्वघोषणा सहित प्रतिबद्धता समेत जाहेर गर्दछु ।

१. *त्यस बैंकका लागि तत्काल आपूर्ति गर्न सक्ने सामान/उपकरणको आवश्यक परेमा तत्काल उपलब्ध गराउने प्रतिबद्धता गर्दछु ।*
२. *बिक्री पछिको सेवाको व्यवस्था र बिल भर्पाई समयमा बुझाउने छु ।*
३. *म/म संलग्न फर्म वा कम्पनी पेशागत कार्यका सिलसिलामा कसुरजन्य कामकाज गरी/गरे वापत सजाय नपाएको घोषणा गर्दछु ।*
४. *म/म संलग्न फर्म वा कम्पनी सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको घोषणा गर्दछु ।*
५. *म/म संलग्न फर्म वा कम्पनीबाट गरेका कार्यहरु गलत वा झुटा ठहरिए कानून बमोजिम सहुँला/बुझाँउला ।*

निवेदक

प्रोपाइटरको नाम:
हस्ताक्षर:

कम्पनीको छाप

श्री निर्देशक ज्यू
नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय

**विषयः रकम जम्मा सम्बन्धमा ।**

महाशय,

यस कार्यालयबाट विद्युतीय भूक्तानीको माध्यम (NCHL-IPS/RTGS) बाट भूक्तानी सम्बन्धी कारोबार गर्ने प्रयोजनको लागि देहाय बमोजिमको विवरणहरु अनुसार बैंक तथा वित्तीय संस्थामा रहेको मेरो/सस्थाको बैंक खातामा सोझै रकम जम्मा गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौ । साथै, तल दिइएको विवरण (बैंकको नाम, खाता नम्बर तथा खातावालाको नाम) मा त्रुटी हुन गएमा यसरी हुन गएको कारोबारको म/संस्था स्वयम् जिम्मेवार हुनेछु/हुनेछ ।

(क) खाता नम्बरः-

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |

(ख) खातावालाको नाम (देवनागिरीमा) :-

(ग) खातावालाको नाम (अंग्रेजी ठूलो अक्षरमा) :-

(घ) खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम :-

(ङ) शाखा :-

(च) खातावालाको सम्पर्क ठेगाना :-

फोन नं. :-

मोबाईल नं. :-

E-mail :-

निवेदक व्यक्तिको नाम/संस्थाको नाम/छाप :-

दस्तखत :-

मिति :-